

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २९ गते आइतबार ❑ 14 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेश सरकारले स्वतन्त्र प्रेसमाथि अंकुश लगाउँदैन : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले स्वतन्त्र प्रेसमाथि अंकुश नलगाउने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन गण्डकी प्रदेश समितिद्वारा आज पोखरामा आयोजित 'सञ्चारकर्मीका अधिकार, चुनौती र समस्या विषयक' अन्तरक्रियाका अवसरमा प्रदेश सरकारले आमसञ्चार विधेयक ल्याउने तयारी गरिरहेको जानकारी दिनुहुँदै मुख्यमन्त्री पाण्डेले उक्त विधेयक सञ्चारमैत्री हुने दाबी गर्नुभयो । "सञ्चारकर्मीलाई कहीँ कतैबाट अंकुश लगाउने काम विधेयकले गर्दैन, यो सञ्चारमैत्री हुनेछ । यसलाई सञ्चारकर्मी र सम्वद्ध संस्थाको सल्लाह र सुझावमा संशोधन पनि गर्न सकिनेछ", उहाँले भन्नुभयो, "स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने काम प्रदेश सरकारले गर्दैन ।" मुख्यमन्त्री पाण्डेले सङ्घीय लोकतान्त्रिक व्यवस्थामाथि आक्रमण भइरहेको हुँदा यसलाई जोगाउने दायित्व सञ्चारकर्मीको पनि भएको उहाँका भनाइ थियो । प्रदेशलाई अधिकार दिन सङ्घ सरकारले ढिलाई गर्दा सङ्घीय गणतन्त्रमाथि प्रश्न उठ्न थालेको उहाँको बुझाइ थियो ।

सङ्घ सरकारले सङ्घीय ऐन नबनाएकै कारण प्रदेश सरकार र सिङ्गो सङ्घीय व्यवस्थामाथि गुनासा मात्र नभई व्यवस्थामाथि नै प्रश्न उठ्न थालेको उहाँले टिप्पणी गर्नुभयो । उहाँले सङ्घीय कानुन बन्न नसक्दा राजावादीलाई राष्ट्रिय राजनीतिमा चलखेल गर्न बाटो पाएको बताउनुभयो ।

नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले सञ्चारकर्मीलाई स्वतन्त्र र निर्वाद रूपमा सूचना प्रवाह गर्ने वातावरण सरकारले बनाइदिनुपर्नेमा जोड दिनुभयो । समाचार सम्प्रेषण गरेकै भरमा सञ्चारकर्मीमाथि आक्रमण हुन नहुने उहाँको भनाइ थियो ।

## बन्द कारखाना सञ्चालन गर्न सहयोग जुटाउँदै डा पुन

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ पुस

राष्ट्रिय आविष्कार केन्द्रको सहयोगार्थ वैज्ञानिक डा महावीर पुन पुस्तक बिक्रीका लागि पूर्व-पश्चिम महाअभियानमा निस्कनुभएको छ ।

तीस वर्षदेखि बन्द रहेको वीरगञ्ज कृषि औजार कारखाना सञ्चालनका निमित्त सहयोग जुटाउने अभियानअनुरुप डा पुन यस अभियानमा लाग्नुभएको हो । प्रतिपुस्तक रु सात सय ५० मा बिक्री गर्ने गरिएको छ । जुनजुन स्थानबाट निम्तो आउँछ सोही स्थानमा पुगेर पुस्तक बिक्री गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो ।

महावीर पुनको जीवन कथाका लेखक, केन्द्रका संस्थापक अध्यक्षसमेत रहनुभएका डा पुनले यतिबेला पुस्तक बिक्रीका लागि देश दौरानमा दुई साता बिताइसक्नुभएको छ । "नौ महिनाको समय लगाएर बन्द रहेको कारखानालाई मर्मत गरी चल्ने बनाएको छौँ", उहाँले भन्नुभयो, "औजार उत्पादनका लागि आर्थिक स्रोत जुटाउन पुस्तक प्रकाशित गरी बिक्री अभियानमा लागेको छु ।" नेपालका प्रतिभालाई स्वदेशमा राखेर सहयोग गर्ने र उद्यमी बनाउने लक्ष्यअनुरुप राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेको उहाँले बताउनुभयो । युवा प्रतिभाले उद्योग कलकारखाना खोलुन्, रोजगारीको सिर्जना गरुन र अर्थतन्त्र सबल बनाउन लागुन् भन्ने मुख्य उद्देश्य राष्ट्रिय आविष्कार केन्द्रको रहेको छ । काठमाडौँबाट गजुरी हुँदै धादिङ, धादिङबेंसीबाट मलेखु, मुग्लिन, गोरखा, आँबुखैरेनी, लमजुङको बेंसीसहर र बन्दीपुर हुदै तनहुँका विभिन्न सहरमा पुगेर पुस्तक बिक्री गर्नुभएको छ । कुनै पनि सरकारको पालामा अर्थतन्त्र सुधार्ने काम गर्न नसकेको डा पुनको आरोप रहेको छ । बेरोजगारीलाई रोजगारी र अर्थतन्त्रलाई सबल बनाउनका लागि राज्यले उद्योग, कलकारखानामा लगानी बढाउनुपर्छ उहाँले भन्नुभयो । "सरकारसँग पैसा नभए पनि कारखाना संचालन गर्ने जिम्मा लिएका हौँ", उहाँले भन्नुभयो, "मुखले मात्रै जिम्मा लिएर भएन काम र व्यवहारले पनि जिम्मा लिनुपर्छ भनेर यस अभियानमा निस्किएको हुँ ।" देशव्यापी अभियान रहेकाले बैतडी, महेन्द्रनगर, धनगढी, नेपालगञ्जबाट बुटवल चितवन, वीरगञ्ज, जनकपुर, काँकडभिट्टा, पाँचथर, मध्यपहाडी लोकमार्ग हुँदै काठमाडौं पुग्ने योजना रहेको छ । राज्यले कलकारखाना खोल्नुपर्छ र लगानी गर्नुपर्छ । विकास निर्माणमा लगानी गरिएको छ, त्यसरी नै कलकारखानामा लगानी गर्नुपर्छ । उहाँले भन्नुभयो, "कलकारखाना चलाएर मात्रै हुँदैन, परिणाम आउने गरी उद्योग सञ्चालन गर्न सक्नुपर्छ । यतिदिन घुम्ने भन्ने सीमा अवधि तोकिएको छैन्", उहाँले भन्नुभयो, "जसरी हुन्छ धेरैभन्दा धेरै पुस्तक बिक्री गर्ने लक्ष्यअनुरुप देशव्यापी दौरानमा निस्किएको छु ।" हालसम्म २४ हजार पुस्तक बिक्री भइसकेको छ । करिब तीन लाख वटा पुस्तक बिक्री भएको अवस्थामा कृषि औजार कारखाना सञ्चालनमा ल्याउन सकिन्छ भन्ने विश्वास लिएको डा पुनले बताउनुभयो । तनहुँका विभिन्न पालिका र सर्वसाधारण नागरिकले पुस्तक किनेर सहयोग गरिदिएका छन् ।

## कांग्रेस बिपीले प्रतिपादन गरेको मूल्य र मान्यताअनुसार अघि बढ्नुपर्छ: सभापति शर्मा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले नेपाली कांग्रेस बिपी कोइरालाले प्रतिपादन गरेको मूल्य र मान्यताअनुसार अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ ।

प्रजातान्त्रिक विचार समाज गण्डकी प्रदेशले शनिबार स्याङ्जाको वालिङमा आयोजना गरेको 'लोकतन्त्रको सवलीकरण र सुदृढीकरणमा नागरिकको भूमिका' विषयक विचार गोष्ठीमा सभापति शर्माले लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस बिपीका सिद्धान्तअनुसार सञ्चालित हुनुपर्ने बताउनुभयो । राजाले जनतालाई भिन्न र जनतामाथि शासन गर्न खोज्दा, आफूलाई भिन्न ठानेकै कारण जनताले राजा फालेको उहाँको तर्क थियो ।

मुलुकका प्रजातान्त्रिक विषयविज्ञ वौद्धिकहरूको संस्थाका रूपमा प्रजातान्त्रिक विचार समाज स्थापना भई अगाडि बढेको प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले बताउनुभयो।"प्रजातान्त्रिकविचार समाजसैद्धान्तिकरूपलेकांग्रेससँग नजिक छ तर सङ्गठनात्मकरूपले कुनै भातृ संस्था नभई यो स्वायत्त संस्था हो", उहाँले भन्नुभयो, "वैचारिकरूपले क्रियाशील छ, अग्रजहरूले पनि त्यही धारमा यहाँसम्म ल्याउनुभएको हो ।"

विचारगोष्ठीमा प्रजातान्त्रिक विचार समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसी, समाजका वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्याल, महासचिव वासुदेव भण्डारी, गण्डकी प्रदेश अर्थ तथा विकास समिति सभापति भोजराज अर्याल, प्रदेशसभा सदस्य कल्पना तिवारी, कांग्रेस स्याङ्जा-२ का क्षेत्रीय सभापति दिलीपप्रताप खाण, समाजका कास्कीका अध्यक्ष वीरबहादुर कार्की, स्याङ्जाका अध्यक्ष युक्तबहादुर बोगटी, सचिव सीता गौडेलले प्रजातान्त्रिक विचार समाजका गतिविधिका बारेमा आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको थियो । गोष्ठीमा पृथ्वीनारायण क्याम्पस पोखराका राजनीतिशास्त्रका प्राध्यापक भीमनाथ बरालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रजातान्त्रिक विचार समाज स्थापना भएको २९ वर्ष पूरा भएको छ । नेपालका ७७ जिल्लामध्ये यो संस्था ७२ जिल्लामा शाखा स्थापना गरी क्रियाशील छ ।

शनिबार सम्पन्न दोस्रो अधिवेशनले गण्डकी प्रदेशस्तरीय समिति निर्वाचित गरेको छ । केन्द्रीय उपाध्यक्ष नै स्वतः प्रदेश अध्यक्ष रहने प्रावधान छ । जसअनुसार जीवलाल काफ्ले अध्यक्ष रहनुभएको छ । उपाध्यक्षमा कास्कीका कृष्णप्रसाद तिमिल्सिना, सचिवमा कास्कीका डा नवराज न्यौपाने, सहसचिवमा तनहुँका कृष्णहरि गैरे, कोषाध्यक्षमा स्याङ्जाका शान्ता थापा रहनुभएको छ । त्यस्तै सदस्यमा तनहुँका प्रदीप घिमिरे, तनहुँका भरत काफ्ले, बाग्लुङका डा ईश्वर कँडेल निर्वाचित हुनुभएको निर्वाचन अधिकृत ध्रुवप्रसाद शर्मा पङ्गेनीले बताउनुभयो ।


### व्यक्तिगत विवरण सुरक्षित राखौं, साईवर अपराधबाट जोगिऔं

कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा:

- बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
- अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिक्त नखोलौं ।
- अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
- ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं।त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
- आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड, नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## एक घर एक धारा कार्यक्रम प्रभावकारी बन्दै–मन्त्री अर्याल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



गण्डकी प्रदेशका उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री सरस्वती अर्याल तिवारीले जनतालाई खानेपानी सुविधा पुऱ्याउने लक्ष्यका साथ प्रदेश सरकारले एक घर एक धारा अभियानलाई निरन्तरता दिंदै आएको बताउनु भएको छ ।

पोखरा महानगरपालिका वडा नं. २० भलाम खोरस्थित इक्राघारी विचारी खानेपानी आयोजनाको आज उद्घाटन गर्दै उहाँले शुद्ध खानेपानी जनताको नैसर्गिक अधिकारलाई प्रभावकारी कार्यान्वयमा सरकार प्रतिवद्ध रहेको बताउनुभयो ।

प्रदेश सरकारका प्रवक्ता समेत रहनु भएका उहाँले गण्डकी प्रदेशमा गुणस्तरी खानेपानी पुऱ्याउन लगभग २२ अर्व रुपैयाको आवश्यक पर्ने उल्लेख गर्दै त्यसका लागि तीनै तहका सरकार जिम्मेवार भएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । प्रदेश सरकारले १० लाख भन्दा कमका योजनालाई प्राथमिकता नदिने निर्णय गरेको बताउँदै मन्त्री अर्यालले भन्नुभयो, योजना सफलताका लागि स्थानीय उपभोक्ताको महत्वपूर्ण भूमिका रहन्छ ।

पूर्वमन्त्री एवम् प्रदेश सभासदस्य विन्दुकुमार थापाले जनताको आवश्यकताका आधारमा समग्र विकास निर्माणमा जुटेर प्रदेश सरकारको औचित्य पुष्टी गरेको बताउनुभयो । पोखरा २० को सडक, खानेपानी, स्वास्थ्य एवम् स्वास्थ्य क्षेत्रमा प्रदेश सरकारले १६ करोड लगानी गरेको जानकारी दिनुभयो । पोखरा २० का वडाअध्यक्ष गंगावहादुर खत्रीले सडक, खानेपानी, शिक्षा, स्वास्थ्य एवम कार्यालय भवन निर्माण लगायतमा तीनै तहका सरकारबाट २२ करोड रुपैया बराबरका निर्माण कार्य भई रहेको बताउनुभयो । विकास निर्माणमा स्थानीयवासिन्दाको सहभागिता प्रभावकारी रहने उहाँको विश्वास थियो । गण्डकी प्रदेश सरकारको एक करोड ८ लाख ४८ हजार र १० लाख ८४ हजार ८०० स्थानीय जनश्रम परिचालन गरि कूल एक करोड १९ लाख ३२ हजार ८०० को लागतमा सो खानेपानी आयोजना निर्माण सम्पन्न भएको कार्यक्रममा खानेपानी डिभिजन कार्यालय स्याङजाका प्रमुख हरिप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । आर्थिक बर्ष २०७७/०७८ निर्माण शुरु गरिएको उक्त आयोजना निर्माण सम्पन्न भएसंगै ९० घरका ४५० उपभोक्तालाई खानेपानीको सुविधा पुगेको ईक्राघारी विचारी खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष तुलसीप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार वस्ती भन्दा एक हजार ७०० मिटर लम्वाईमा जंङगलको बीच भागबाट दुई इञ्चको पाईपमार्फत ल्याइएको पानी ५० हजार र ३०। ३० लिटर क्षेमताका तीन वटा पानी टंकीमा संकलन गरिएको पानी उपभोक्ताका घरघरमा वितरणको व्यवस्था मिलाईएको छ ।

कार्यक्रममा आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रममा खानेपानी संकलन टंङ्की निर्माणका लागि निशुल्क जग्गा उपलव्ध गराउने जग्गादाता र निर्माण कार्यमा सहयोग गर्ने विभिन्न व्यक्तिहरुलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो । महेन्द्र माध्यामिक विद्यालयका छात्रछात्राबाट नृत्य प्रस्तुत गरिएको कार्यक्रमा उपभोक्ता समितिका सचिव प्रजापति पौडेल, कोषाध्यक्ष माया जिसी, संगिता भण्डारी लगायतले खानेपानीको महत्व र आयोजना सम्पन्न भएपछि पुगेको सुविधाका बारेमा चर्चा गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# विद्यार्थीकै सक्रियतामा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजमा फुड फेस्ट आयोजना

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



पोखरा १४ छिनेडाँडामा रहेको नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेजमा एकदिने फुड फेस्ट (खाना महोत्सव) सम्पन्न भएको छ।

कलेजमा अध्ययनरत व्याचलर अफ होटल म्यानेजमेन्ट (बि.एच.एम) ५ औं सेमेस्टरका विद्यार्थीहरुको आयोजनामा उक्त फेस्ट भएको कलेजका अध्यक्ष असोक पालिखेले बताउनु भयो । विद्यार्थीको सैद्धान्तिक सहित व्यवहारिक ज्ञान हासिल गर्न कलेजले हरेक बर्ष उक्त कार्यक्रम गर्न बिद्यार्थीहरुलाई प्रोत्साहन गर्दै आएको उहाँले जनाउनु भयो।

आफ्नो कलेजमा अध्ययनरत बिद्यार्थीहरुकै सक्रियतामा विभिन्न खानाका ७ वटा स्टलहरु रहेको कलेजका प्रिन्सिपल प्रकाश रेग्मीले जानकारी दिनुभयो । कलेजमा अध्ययनरत बिद्यार्थीहरुले उक्त कार्यक्रमबाट इभेन्ट म्यानेजमेन्टको ज्ञान हासिल गराउन पनि कलेजले प्रोत्साहन गर्ने गरेको प्रिन्सिपल रेग्मीको भनाई छ । कफि, वेकरी देखि ककटेलको लागि पिय पदार्थ सहितका स्टलहरु रहेका थिए भने विभिन्न सांस्कृतिक कार्यक्रम सहित रकेट ब्याण्डको पप कर्न्सर्ट समेत आयोजना भएको कार्यक्रम संयोजक एवं कलेजकी बिद्यार्थी सलिना मगरले बताउनु भयो । कलेजमा आयोजना हुने उक्त कार्यक्रमले आफुहरुको दक्षता अभिवृद्धि गरी आत्मविश्वास बढाउन मद्धत पुग्ने उहाँले जनाउनु भयो । चौथो सेमेस्टोरका बिद्यार्थीहरुले पोखरा सडक महोत्सवमा खानाको स्टल राख्दै आएका हुन्छन् । यसैबिच, उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा विश्वविद्यालय व्यबस्थापन संकायका डिन डा.दयाराम ढकालले कलेजमा आयोजना हुने उक्त कार्यक्रमले गर्दा बिद्यार्थीहरुमा पाककला सहित कार्यक्रम आयोजना तथा व्यबस्थापनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । नेपालमा दक्षजनशक्ति अभाव भएको अबस्थामा होटल म्यानेजमेन्टका बिद्यार्थीको स्वदेशमै धेरै माग भएको उहाँले दाबी गर्नु भयो । पोखरा १४ का वडा अध्यक्ष बोधराज कार्कीले कलेजले बिद्यार्थीहरुलाई उक्त कार्यक्रम गर्न प्रोत्साहन गरेसँगै अन्य क्षेत्रबाट पनि सहयोग गर्न आवश्यक भएको बताउनु भयो।

कार्यक्रममा बोल्दै पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले पोखरामा होटल म्यानेजमेन्टका दक्षजनशक्ति धेरै आवश्यक भएको बताउनु भयो । कार्यक्रमलाई सफल पार्न नेपाल टुरिजम बोर्ड, किंस इन्स्टिच्यूट, पोखरा पर्यटन परिषद, रेवान पोखरा लगायतले सहयोग गरेका छन् ।

# बि.पि. मार्ग ख टोल विकास संस्थाका दशौं साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस




पोखरा महानगरपालिका वडा नं १३ स्थित बि पि मार्ग ख टोल विकास संस्थाको दशौं साधारण शनिवार सम्पन्न भयो । वडा नं १३ का वडा सदस्य बलवहादुर बरालले सभाको उद्घाटन गर्दै समाजमा सबै मिलेर अगाडि बढ्नु पर्ने धारणा राख्नु भयो।

समाज, टोल, जिल्लामा सकारात्मक सोचले विकास गर्दै गएमा बल्ल राष्ट्र हामीले सोचेको समुन्नत राष्ट्र हुने वडा सदस्य बरालले भन्नु भयो । कुँडहर नेवा कचा खलः का अध्यक्ष रविन्द्र श्रेष्ठले योजना तर्जुमा गर्दा अनुमानको भरमा छनोट नगरी सबैसँग छलफल गरी प्राथमिकका आधारमा योजना तर्जुमा गर्नु पर्ने धारणा राख्नु भयो । भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.का निवर्तमान अध्यक्ष किरणराज घिमिरले फोहोर मैला संकलनमा दिन प्रतिदिन खर्च बढ्दै गएकोले उचित व्यवस्थापन गर्न सकेमा जनतामा आर्थिक भार कम हुँदै जाने धारणा राख्नु भयो । फोहोर व्यवस्थापन बारे टोल टोलमा जनचेतनाको खाँचो रहेको घिमिरेले भन्नु भयो । वि पि मार्ग ख टोल विकास संस्थाका अध्यक्ष सम्बर बहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सल्लाहकार विमलकुमार गुरुङ, वडा १३ वडा सदस्य द्धय सुचिता तामाङ, रजनी परियार, सम्पुर्ण टोल विकास संस्थाको तर्फवाट सम्बृद्धि टोल विकास सस्थाका अध्यक्ष नरबहादुर गुरुङ र विपि मार्ग ख आमा समुहका अध्यक्ष सिता कोइराला लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष लिलावति घिमिर(माया)ले स्वागत र सचिव मिना वाग्लेले संचालन गर्नुभएको थियो । विपि मार्ग ख टोल विकास संस्थाका अध्यक्ष श्रेष्ठ र कोषाध्यक्ष हेमन्तमान श्रेष्ठले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ।

# सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन र रोटरी डिस्ट्रीक ३२९२ बीच प्रायोजकको सम्झौता

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस




नेपाल भुतपुर्व खेलाडी मञ्चले आयोजना गर्दै आइरहेको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन र सामाजिक संस्था रोटरी डिस्ट्रीक ३२९२ बिच प्रायोजकको सम्झौता भएको छ।

आगामी फागुन पाँच गते १८ औं संस्करणको सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनबाट ३ वर्षका लागि हरेक वर्ष दुई लाख रुपैयाँ प्रदान गर्दै सह-प्रायोजकको रुपमा रहने दुई पक्ष बिच पोखरामा सम्झौता भएको हो।

मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन सँग जोडिएकोमा धन्यवाद ज्ञापन गरे । उनले रोटरी सामाजिक संस्था भएको र सामाजिक संस्था जोडिदा म्याराथनलाई थप ब्राण्डिङ र प्रबर्द्धन गर्न टेवा पुग्ने विश्वास रहेको सुनाए। म्याराथनलाई भव्य बनाउन सह-प्रायोजकको रुपमा जोडिदै आर्थिक र सामाजिक पार्टनरको रुपमा रहेको बताए । निवर्तमान अध्यक्ष तेज गुरुङले मञ्च र म्याराथनको बारेमा प्रोजक्टमार्फत प्रस्तुति दिएका थिए । उनले रोटरी सँगको समन्वय महत्वपूर्ण रहेको बताए । गुरुङले रोटरीको क्षेत्र फराकिलो भएकाले यसले म्याराथनलाई आर्थिक, नैतिक र भौतिक रुपमा ठूलो सहयोग पुग्नेमा विश्वास लिएको बताए । रोटरी डिस्ट्रीक ३२९२ का गभर्नर राजेन्द्र प्रसाद धोजुले खेलकुदमा प्रतिष्ठित संस्था भुतपुर्व खेलाडी मञ्चसँग जोडिन पाउनु ठूलो उपलब्धि रहेको सुनाए। उनले रोटरीले सामाजिक कार्य गर्दै आइरहँदा अन्तर्राष्ट्रिय प्रतियोगितामा जोडिदा थप उचाई बढेको बताए। रोटरीले विश्वभर पोलियोको विषयमा जनचेतना फैलाउने काम गरेको र म्याराथनमा समेत पोलियोकै जनचेतना फैलाउने गरी अघि बढ्ने बताए। साथै रोटरीले आगामी फागुनमा पोखरामो सम्मेलन गर्न लागेको र देशभरका रोटरीयन पोखरा आउने भएकाले ठूलो समुह प्रतियोगितामा उपस्थिति गराउने प्रतिबद्धता व्यक्त गरे । मञ्चसँगको सम्बन्धलाई आगामी वर्षहरुमा निरन्तरता दिदैँ जाने उनको भनाई छ। उनले देशभर रहेका रोटरी क्लबहरुमा सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथनको प्रचार गर्ने समेत बताए। मञ्चका द्धितीय उपाध्यक्ष खेम गुरुङले दुई संस्थाबिचको सम्झौताले एक आपसमा सहयोग आदान प्रदान हुने बताए । उनले म्याराथनलाई सफल बनाउन थप इट्टा थप्ने काम भएको बताए।

# माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप भलिबलको उपाधि बौदीकाली गाउँपालिकालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



कास्कीको माछापुच्छ्रे गाउँपालिकाले आयोजना गरेको 'दोस्रो माछापुच्छ्रे गाउँपालिका अध्यक्ष कप गण्डकी प्रदेश अन्तर पालिका भलिबल' प्रतियोगिताको उपाधि नवलपर ासी(बर्दघाट सुस्ता पूर्व) को बौदीकाली गाउँपालिकाले जितेको छ।

माछापुच्छ्रे ३ घाचोकमा सञ्चालन भएको प्रतियोगिताको शनिबार सम्पन्न फाइनल खेलमा बाग्लुङको गलकोट नगरपालिकालाई ३–१ सेटमा हराउँदै बौदीकाली च्याम्पियन बनेको हो। उपाधि जितेको बौदीकालीले नगद रु तीन लाख,ट्रफी र मेडल पुरस्कार पायो भने उपविजेता गलकोटले रु दुई लाख तथा ट्रफीमा चित्त बुझायो । किबौदीकालीले स्याङ्जाको चापाकोट नगरपालिकालाई पराजित गरी फाइनलमा स्थान बनाएको थियो भने यसैगरी गलकोटले कास्कीको अन्नपूर्ण गाउँपालिकालाई हराउँदै फाइनल पुगेको हो। सेमिफाइलन पुगेका अन्नपूर्ण र चापाकोटले रु ५० हजारका दरले पुरस्कार पाए । बौदीकालीका अशोक श्रेष्ठ प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै रु सात हजार पुरस्कार पाउनुभयो।

यसैगरी उत्कृष्ट स्पाइकर बौदीकालीका सरोज बर्देवा, उत्कृष्ट ब्लकर बौदीकालीका विश्वास अधिकारी, उत्कृष्ट सर्भर बौदीकालीका आशिश श्रेष्ठ, उत्कृष्ट डिफेण्डर चापाकोटका राजन दर्लामी मगर, उत्कृष्ट सेटर गलकोटका मीन सुनार र उत्कृष्ट प्रशिक्षक बौदीकालीका सागर विष्ट घोषित हुँदै उहाँले जनही नगद रु पाँच हजार पुरस्कार पाउनुभयो । प्रतियोगिताको विजेता, उपविजेता तथा विधागत रुपमा उत्कृष्ट खेलाडीलाई नेपाली काँग्रेसका सहमहामन्त्री एवं प्रतिनिधिसभाका सांसदद्धय बद्री पाण्डे र जीवन परियार, गण्डकी प्रदेशसभाका सदस्यद्धय गणेशमान गुरुङ र प्रकाश बराल, गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङ, उपाध्यक्ष सीता अधिकारी, प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्याल लगायतले पुरस्कार वितरण गर्नुभयो । युवाहरुलाई खेलप्रति आकर्षित गर्ने र खेलकुदको माध्यमबाट गाउँपालिकालाई चिनाउने उद्धेश्य सहित प्रतियोगिता आयोजना गरिएको गाउँपालिका अध्यक्ष मीनबहादुर गुरुङले बताउनुभयो।

यही पुस २६ गतेदेखी घाचोकको मेघराज आधारभुत विद्यालयको खेलमैदानमा प्रतियोगिता सञ्चालन भएको थियो । खेल हेर्न माछापुच्छ्रे सहित पोखरा तथा छिमेकी अन्य पालिकाहरुबाट समेत दर्शकहरुको बाक्लो उपस्थिति रहेको थियो।

# अन्तरराष्ट्रिय हवाईयात्रु आगमन हालसम्मकै बढी

**रासस**
काठमाडौं, २८ पुस

मुलुकको पुरानो त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा हवाई यात्रुको सङ्ख्या बढेको छ।

विमानस्थलका अनुसार सन् २०२३ मा आन्तरिक तथा अन्तरराष्ट्रिय दुवै गरी कूल ८६ लाख ९१ हजार चार सय ४३ यात्रुले हवाईयात्रा गरेका छन्। सन् २०२२ मा ७९ लाख ५४ हजार चार सय ९५ ले हवाईयात्रा गरेका थिए। जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव दुई प्रतिशतले बढी हो। कूल यात्रु आवागमन (आन्तरिक र अन्तरराष्ट्रिय) पनि बढेको विमानस्थल कार्यालयले जनाएको छ।

कोभिडअघि सन् २०१८ मा ७१ लाख ९० हजार नौ सय १२ र सन् २०१९ मा ७३ लाख २७ हजार ३१ यात्रुले हवाईयात्रा गरेका थिए। विमानस्थलबाट एक वर्षको अवधिमा अन्तरराष्ट्रियतर्फ ४५ लाख ४१ हजार एक सय ३७ ले हवाईयात्रा गरेका छन्। जुन अघिल्लो वर्षको तुलनामा ३० दशमलव १८ प्रतिशतले बढी हो। यो सङ्ख्या कोभिड-१९ अघि सन् २०१८ को भन्दा चार दशमलव पाँच प्रतिशतले बढी रहेको विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले जानकारी दिनुभयो। उहाँका अनुसार यो अहिलेसम्मकै सबैभन्दा धेरै हो।


म हा प ्र ब न्ध क तिवारीले अन्तरराष्ट्रिय हवाई यात्रु आगमन अहिलेसम्मकै बढी भएको बताउँदै कूल यात्रु आगमन पनि बढेको जानकारी दिनुभयो। कोभिड पहिलाको तुलनामा १८ प्रतिशत र सन् २०२२ को तुलनामा नौ दशमलव दुई प्रतिशतले वृद्धि भएको उहाँको भनाइ छ। सन् २०२३ मा अन्तरराष्ट्रिय उडान अवतरण ३१ हजार चार सय ६० (गत वर्षको तुलनामा २९ दशमलव ४० प्रतिशतले) वृद्धि भएको छ । जुन कोभिडअघि सन् २०१८ को भन्दा १० दशमलव ७६ प्रतिशतले घटेको छ। उक्त अवधिमा कार्गो आवागमन २२ हजार नौ सय ४६ टन भएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथैं अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# बढ्दो सवारी दुर्घटना

देशका बिभिन्न भागमा भएका तीन वटा छुट्टाछुट्टै दुर्घटनामा बालबालिका सहित १९ जनाले ज्यान गुमाएका छन् भने ३३ जना घाइते भएका छन् । नेपालगञ्जबाट काठमाडौं जाँदै गरेको नमस्ते यातायातको भे १ ख ३९१२ नम्बरको बस शुक्रबार राति दाङको भालुवाङस्थित राप्ती नदीमा खस्दा १२ जनाको मृत्यु भयो भने २३ जना घाइते भए । दुर्घटनामा बाँकेकी ६० वर्षीया कुसुम बस्नेत, हेटौंडाका ३० वर्षीय शौरभ विष्ट, जुम्लाको चन्दननाथका ४० वर्षीय मुनबहादुर रावत, बाँकेका ३० वर्षीय रामवरण हरिजन, रुकुमको गोतामकोटका २५ वर्षीय दिपक डाँगी, भारतको पूर्वी चम्पाटनमलाहीका ६७ वर्षीय योगेन्द्र राम, काठमाडौंको चन्द्रागिरीका ६५ वर्षीय ताराकान्त पाण्डे र भारतको उत्तरप्रदेशका ३१ वर्षीय मुनेको मृत्यु भएको छ । चार जनाको सनाखत हुन सकेको छैन । दुर्घटनामा परि प्रगतीशील साहित्यकार प्रा डा ताराकान्त पाण्डे गुमाउनु परेको पीडा बामपन्थी बृतमा छ ।

दुर्घटनामा २३ जना घाइते भएका छन्। उनीहरूको अनुहार, हात र ढाडमा चोट लागेको छ सबैको अवस्था खतरामुक्त रहेको जिल्ला प्रहरी कार्यालय, दाङले जनाएको छ । उनीहरूको घोराही, बुटवल र नेपालगञ्जमा उपचार भइरहेको छ । बस दुर्घटनाको खबर आइरहँदा कार दुर्घटनाको थप पीडा दिएको छ । शनिबार दिउँसो काठमाडौंबाट मकवानपुरको चित्लाङतर्फ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ नम्बरको कार दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । काठमाडौंको चन्द्रागिरि नगरपालिका-४ पानीघाट नजिक हिमचुली सेतोपहरामा भएको दुर्घटनामा चार जनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा ज्यान गएको छ ।

दुर्घटनामा घाइते भएकी ६ वर्षीया स्मारिका गौतमको उपचारका क्रममा बयोधा अस्पतालमा ज्यान गएको जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रवक्ता कुमोध ढुङ्गेलले बताए । दुर्घटनामा काठमाडौंको मैतिदेवीका ६७ वर्षीय ओमकार निधि तिवारी, ६४ वर्षीया कल्पना तिवारी, काठमाडौंको लाजिम्पाटका डा. महेशकुमार गौतम र चार वर्षीय प्रियान्स गौतमको घटनास्थलमै ज्यान गएको थियो । दुर्घटनामा डा. सृष्टी तिवारी गौतम घाइते भएकी छन् । उनको महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । उपचारका क्रममा ज्यान गएका प्रियान्स उनका छोरा हुन् ।

यसैगरी, शनिबार बिहान बागलुङको ढोरपाटन नगरपालिका-५ अस्तुमा जीप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ भने नौ जना घाइते भएका छन् । जीप चालक ढोरपाटन नगरपालिका-४ का ३० वर्षीय तिलक घर्ती मगर र काठमाडौंको चन्द्रागिरि नगरपालिका-११ की २८ वर्षीया सन्नीता अधिकारीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बागलुङका प्रहरी निरीक्षक दीपकबाबु केसीले बताए । दुर्घटनामा घाइते भएका नौ जनामध्ये तीन जना गम्भीर रहेका छन् । गम्भीर घाइते लक्ष्मी गैरै, जोगनारायण गैरे र निरुता गैरेलाई थप उपचारका लागि पोखरास्थित मणिपाल शिक्षण अस्पताल लगिएको छ ।

अन्य ६ जना सामान्य घाइते छन् । उनीहरूको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । सडक सुरक्षाकका बारेमा दुर्घटना पछि कुरा उठ्ने पछि वास्ता नहुने नेपाली रोग हो।सरकारले सार्वजनिक यातातका बारेमा चासो नदिँदा बारंबार एकै प्रकृतिका दुर्घटना हुने गरेको छ । सरकारले नियमन गर्ने छाडेको छ । यातायात व्यवसायि पनि कहिल्यै जिम्मेवार बन्न सकेनन । अनाहकमा निर्दोषले ज्यान गुमाएका छन । त्यो भन्दा ठूलो संख्या घाइते भएका छन ।

उपचारमा ठूलो धनराशी खर्च गर्नुपर्ने र काम गर्न सक्ने शक्ति घाइते हुँदा त्यसले पार्ने असरका बारेमा सरोकार वाला सबैले सोच्ने बेला आएको छ । मृत्युलाई समाजले सामान्य रुपमा लिने संवेदनहिन बन्दै गएको छ । सरकार, यातायात व्यवसायि र चालकले दुर्घटना त भइहाल्छ नि भनेर आफ्नो जिम्मेवारीबाट कोही पनि उम्कनु हुँदैन । दुर्घटनामा ज्यान गुमाउने ब्यक्ति, घाइते, र पीडितकका परिवारलाई संझेर दुर्घटना हुन नदिनका लागि सचेतना र सावधानी अपनाउनु जरुरी छ ।



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : शारीरिक झमेला |
| वृष | : स्वस्थ्यमा सुधार | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलतामन |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# मुस्ताङमा आलु उत्पादन घट्यो

**रासस**
म्याग्दी, १ पुस

मुस्ताङमा अघिल्लो वर्षको तुलनामा यस वर्ष आलु उत्पादन ३३ प्रतिशतले घटेको कृषि ज्ञान केन्द्र मुस्ताङले जनाएको छ । केन्द्रका प्रमुख प्रकाश बस्ताकोटीले डडुवारोग र अधिक वर्षाका कारण आलु उत्पादन घटेको बताउनुभयो ।

केन्द्रका अनुसार गत वर्ष नौ हजार छ सय तीन मेट्रिक टन आलु उत्पादन भएकोमा यस वर्ष छ हजार तीन सय ६३ मेट्रिक टन आलु उत्पादन भएको छ । "यसपालि आलुको बोट हुर्कने समयमा लगातार वर्षा हुँदा वृद्धि विकास राम्रो हुन सकेन", प्रमुख बस्ताकोटीले भन्नुभयो, "डडुवा रोगका प्रकोप पनि आलु उत्पादन घट्नुको कारण हो ।"

स्थानीय तहका कृषि शाखासँग समन्वय गरी आलुको क्रप कटिङ गरिएको थियो । चैत-वैशाख महिनामा लगाइने आलु असोज-कात्तिक महिनामा भित्र्याउने गरिन्छ । गत वर्ष प्रतिहेक्टर ३० दशमलव ७८ मेट्रिक टन आलु उत्पादन भएकामा यस वर्ष २० दशमलव दुई मेट्रिक टन फल लागेको छ । मुस्ताङको तीन सय १५ हेक्टर क्षेत्रफलमा आलुखेती हुने गरेको छ । अघिल्लो वर्षको तुलनामा यसपालि आलुखेती हुने क्षेत्रफल तीन हेक्टरले भएको थियो । मुस्ताङमा उत्पादन हुने आलु पोखरा, काठमाडौँ, चितवनलगायतका बजारमा खपत हुने गरेको छ । केन्द्रका अनुसार यहाँ उत्पादन हुने आलु २० प्रतिशत बीउ र १० प्रतिशत उपभोगका लागि खपत भइ बाँकी ७० प्रतिशत निकासा हुन्छ । आलु प्रतिकिलो सरदर रु ५० का दरले बिक्री हुन्छ । यहाँ गत वर्ष रु ४८ करोड नौ लाख मूल्यबराबरको आलु उत्पादन भएकामा यसपाली रु ३१ करोड ८१ लाख बराबरको मात्रै भएको छ । हिमाली चिसो हावापानीमा प्राङ्गारिक विधिबाट विषादिको प्रयोगबिना उत्पादन भएको आलुको बजारमा उच्च माग रहेको किसान रोशन थकालीको भनाइ छ । "प्रतिपाथी रु एक सय ५० का दरले आलु बिक्री हुने गरेको छ", किसान थकालीले भन्नुभयो, "एक पाथीमा करिब तीन केजी आलु हुन्छ ।" बारीमा नखन्दै व्यापारीले अग्रिम पैसा दिएर आलु खरिद गर्छन् । मुस्ताङ घुम्न जानेहरूले पनि कोसेलीका रूपमा आलु किनेर लैजाने गर्छन् । यहाँको आलु अन्यत्रको तुलनामा स्वादिलो हुने भएकाले मुस्ताङको आलुको माग सहरमा बढी हुने गरेको छ । आलु खेतीमा भेडा-च्याङ्ग्रा, गाई, गोरु र चौँरीको मल प्रयोग हुन्छ । आलु खेतीका लागि गण्डकी प्रदेश सरकारमार्फत चालु आर्थिक वर्षमा प्रतिरोपनी रु सात हजार पाँच सय अनुदान छुट्याइएको छ ।

# बर्सेनि घट्दै धान बालीको क्षेत्रफल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

गत वर्ष गण्डकी प्रदेशमा एक लाख चार हजार एक सय ८४ हेक्टरमा धान खेती गरिएको थियो । यस वर्ष घटेर धान बालीको क्षेत्रफल ९६ हजार ५३ हेक्टरमा सीमित भएको प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका कृषि प्रसार अधिकृत विनोद शर्माका अनुसार दुई वर्षअघि धान खेतीको क्षेत्रफल एक लाख १२ हजार दुई सय २७ हेक्टर थियो । पछिल्ला वर्ष धान बालीको क्षेत्रफल घट्दै गएको उहाँले बताउनुभयो । धान खेतीको क्षेत्रफल घटेपनि यस वर्ष उत्पादकत्व भने बढेको उहाँले बताउनुभयो । "गत वर्ष एक लाख चार हजार एक सय ८४ हेक्टरमा तीन लाख ७५ हजार तीन सय ३२ मेट्रिक टन धान उत्पादन भएको थियो", कृषि प्रसार अधिकृत शर्माले भन्नुभयो, "यस वर्ष ९६ हजार ५३ हेक्टरमा धान खेती गरिएकामा तीन लाख ६८ हजार सात सय ८९ मेट्रिक टन उत्पादन भएको हो ।" गत वर्ष प्रतिहेक्टर तीन दशमलव छ मेट्रिक टन धान उत्पादन भएकामा यस वर्ष बढेर प्रतिहेक्टर तीन दशमलव ७३ मेट्रिक टन धान उत्पादन भएको उहाँको भनाइ छ । समयमै वर्षात् र रासयनिक मलको उपलब्धता, धानमा प्रकोपजन्य रोग नलाग्नु, सिँचाइ सुविधा, उन्न बीउबिजन आदि कारणले धानको उत्पादकत्व वृद्धि भएको कृषि प्रसार अधिकृत शर्माले बताउनुभयो ।

गण्डकीमा बर्सेनि धानको उत्पादकत्वमा घटबढ भइरहेको निर्देशनालयको तथ्याङ्कले देखाउँछ । आव २०७८/७९ मा प्रतिहेक्टर तीन दशमलव ४३ मेट्रिक टन धान उत्पादन भएको थियो भने त्यसको अघिल्लो वर्ष तीन दशमलव पाँच मेट्रिक धन धान उत्पादन भएको थियो । प्रतिकुल मौसम, मल अभाव, कमसल बीउबिजनजस्ता कारणले धानको उत्पादकत्वमा ह्रास आउने गरेको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताउनुभयो । प्रमुख रेग्मीले यस वर्ष धानको उत्पादकत्व वृद्धि भए पनि क्षेत्रफल घटेकाले समग्र धानको उत्पादन भने घटेको बताउनुभयो । धान खेतीको क्षेत्रफल घट्नुमा घरघडेरीका नाममा धानको उब्जाउ क्षेत्र नासिनु पहिलो कारण रहेको उहाँले बताउनुभयो ।

"खेतीयोग्य जग्गामा बजारीकरण तीव्र छ, हेदहिँदै ठूल्ठूला फाँट बस्तीले ढाकिए, जग्गा बाँझिने क्रम पनि उस्तै छ, उत्पादन घट्नुको मुख्य कारण यही हो", प्रमुख रेग्मीले भन्नुभयो । सिँचाइ, खेती प्रणालीमा सुधार, रोक किरा नियन्त्रण, उन्नत बीउ, प्रविधि र मल व्यवस्थापन बेलैमा हुन सके किसानले अझ धेरै धान फलाउन सक्ने उहाँको भनाइ छ ।

गण्डकीमा बागलुङको गलकोट, बलेवा, गोरखाको पालुङटार, कास्कीको लेखनाथ, स्याङ्जाको आँधीखोला किनार, वालिङ, तनहुँको भिमाद, नवलपुरको त्रिवेणी, मध्यविन्दु, पर्वतको फलेवासलगायत बढी धान उत्पादन हुने क्षेत्र हुन् । हिमालपारिको जिल्ला मुस्ताङ र म्याग्दीबाहेक गण्डकीका नौ वटै जिल्लामा धान खेती हुँदै आएको छ । किसानले राम, सुनौलोसुगन्धा, लोकतन्त्र, खुमल, सुधारिएको जेठोबुढोलगायत स्थानीय जातको धान खेती गर्दै आएका छन् । यहाँ बर्खे र चैते गरी दुई याममा धान खेती हुने गरेको छ ।

# पोखरा महोत्सवमा दर्शक बढ्दै, महोत्सवको टिकटमा बम्पर उपहार

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



पोखराको अमरसिंह मैदानमा जारि पोखरा महोत्सवमा दर्शकको साथ बढ्दै गएको छ ।

महोत्सवको तेश्रो दिन शनिवार महोत्सवमा दर्शकको उल्लेख्य उपस्थिती रहयो । दर्शकको उपस्थिती सँगै महोत्सवमा राखिएको स्टलहरुमा समेत दर्शकहरुको भीड लागेको थियो । महोत्सवमा घोडसवार, याक हेर्ने र महोत्सवको टिकटमा राखिएको नेपाल टेलिकमको निशुल्क सिम लिनेहरुको भिड लागेको महोत्सवका प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । पोखरा महोत्सवको प्रवेश टिकटबाट बम्पर उपहार राखिएको समेत प्रचार प्रसार संयोजक सुनारले जानकारी दिए । उनका अनुसार महोत्सवको अन्तिम दिन पुरस्कारको घोषणा गरिने छ । दर्शकले महोत्सव प्रवेशमा काटेको टिकटको अर्धकट्टी सुरक्षित राख्नु पर्नेछ । दर्शकहरुले पहिलो पुरस्कार एभरेष्ट स्टील दराज, दोस्रो पुरस्कार प्लाष्टिक डाइनिङ सेट, एक थान टेबल र चार थान कुर्चि र तेश्रो पुरस्कार प्लाष्टिक डाइनिङ सेट पाउने छन् । महोत्सवमा शनिवार लोकदोहोरी कलाकार प्रिती आलेको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए । वालवालिका, युवाहरुले प्रिती आलेको प्रस्तुतीमा भरपुर मनोरन्जन लिएका थिए । प्रिती आले सँगै प्रजापति पराजुली, जिवन दाहाल, शिवहरी ढुंगाना, अमर धिताल, निश्चल थापा, किसन नेपाली, सुरज आचार्य, सरस्वती लामिछाने, इन्द्रा गुरुङ, सगीता गुरुङ लगायतको प्रस्तुती मार्फत दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिए । त्यसैगरी साँझको लाइभब्याण्ड तर्फ माइलाको प्रस्तुतीमा युवाहरुले भरपुर मनोरन्जन लिएको महोत्सवको प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए । महोत्सवमा आइतबार समिक्षा अधिकारी, राजु गुरुङ, जिवन दाहाल, चोलेन्द्र पौडेल, घनश्याम रिजाल, शिवहरी ढुंगाना, कृष्ण सुवेदी, कृष्ण भट्टराई, प्रशान्त तामाङ, पार्वती जिसी, मधु थापा मगर, नविना सुवेदी लगायतको प्रस्तुती रहने छभने साँझको लाइभब्याण्डमा रकहेड्सको प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए ।

# ताङ्वे समाज पोखराको शैक्षिक सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



ताङ्वे समाज सेवा संघ पोखरा ५ पर्स्याङले शैक्षिक सम्मान र तारा खेल समापन कार्यक्रम गरेको छ । शनिवार समाज घर पर्स्याङमा नयाँ बर्ष ढुक ल्हो (२०२४) एवम् छउ पर्वको शुभ अवसरमा आयोजित कार्यक्रममा उक्त सम्मान एवम् समापन गरिएको हो ।

समाजले २०५७ साल देखि एसइई,प्लस्टु,स्नातक र स्नातोकोत्तर तह उत्तिर्ण गर्ने ताङ्वेतानिहरु लाई हरेक बर्ष सम्मान गर्दै आइरहेको अध्यक्ष कर्साङ छवाङले बताए । यस बर्ष सम्मानित हुनेहरुमा एसइई तर्फ सुवाङ्क्षा गुरुङ,सरदि गुरुङ,भुवन गुरुङ,डेजि गुरुङ र जेमन गुरुङ रहेका छन् त्यस मध्ये सर्वउत्कृष्ट अङ्क ल्याउने सरदि र सुवाङ्क्षाले नगद ५ हजार र सम्मानपत्र प्राप्त गरे ।

त्यस्तै स्नातोकोत्तर तह उतिर्ण गर्ने वरदान ताङ्वे लामाले नगद १० हजार र सम्मानपत्र प्राप्त गरे । समाजमा २ दिन सम्म सञ्चालन भएको तारा खेल समापन गदै बिजेताहरु लाई पुरेस्कार बितरण गरिएको छ। जस अन्तर्गत बिनोद ताङ्वे पहिलो,नारायण ताङ्वे दोस्रो र समिर ताङ्वे तेस्रो भए उनिहरुले क्रमसः ५ हजार,३हजार र २ हजार प्राप्त गरे ।

यसै गरि ३ समुहमा भएको खेलमा पहिलो बिनोद,लाला र इमानको समुह पहिलो भयो,महेन्द्र,अमित र सन्देशको समुह दोस्रो र समिर,प्रविन तेम्वाको समुह तेस्रो हुदै क्रमसः ६ हजार,४ हजार ५सय र ३ हजार प्राप्त गरे ।

कार्यक्रममा प्राध्यापक डा.माया लामाले नयाँ बर्ष ढुक ल्हो (२०२४) एवम छउ पर्वको शुभकामना ब्यक्त गदै आफ्नो बुवा र श्रिमानको सम्मानमा ५ बर्षको लागि, स्नातक र स्नातोकोत्तर तह उतिर्ण गर्नेहरुलाई प्रोत्साहन स्वरुप १० हजार प्रदान गदै आइरहेको बताइन् ।

बुवा र श्रिमानको शैक्षिक क्षेत्रमा भएको योगदानको सम्मान स्वरुप उक्त पुरेस्कार प्रदान गर्ने आफ्नो चाहाना रहेको उनको भनाई थियो । कार्यक्रममा संघका सचिव चेतन आनन्द सिहँ, कोषाध्यक्ष फुर्प छिरिङ लगायतले बोलेको थिए ।

# नेपाल रेडक्रस सोसाइटी पोखरा ३३ उपशाखाको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



नेपाल रेडक्रस सोसाइटी पोखरा महानगरपालिका ३३ उपशाखाको १९औं साधारण सभा शनिवार सम्पन्न सम्पन्न भएको छ ।

उपशाखाका सभापति टुकराज आचार्यको अध्यक्षतामा भएको सो साधारण सभाको उद्घाटन गर्दै गण्डकी प्रदेश सभामा कास्की निर्वाचन क्षेत्र न २ क बाट निर्वाचित सांसद भीमबहादुर कार्कीले मानवीय सेवा रेडक्रसको मूल मर्म भएकाले रेडक्रसकर्मीहरु मानवीय पीडा कम गर्न लागि पर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पोखरा महानगरपालिकाका वडा नं ३३ का वडाअध्यक्ष रामचन्द्र अधिकारीले मानवीय जोखिम कम गर्न जुनियर , युवा, महिला सबै रेडक्रसकर्मीहरु लाग्न आग्रह गरे । नेपाल रेडक्रस सोसाईटी कास्कीका जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी, सल्लाहकार केशरप्रसाद निर्दोषी, उपशाखाका पूर्व सभापति यज्ञप्रसाद अधिकारी लगायतले रेडक्रसका वारेमा आ आफना धारणा राखेका थिए ।

रेडक्रसका सात सिद्धान्त वाचन गरिएको उक्त कार्यक्रममा उपशाखाका सभापति टुकराज भण्डारीले वार्षिक गतिविधिप्रस्तुत गरेका थिए ।कार्यक्रमको सञ्चालन उपशाखाका सचिव तुलसीमणि अधिकारीले गरेका थिए । सचिवको प्रतिवेदन र कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएका थिए भने सोही अवसरमा ४ जना विशिष्ट सदस्यहरुलाई स्वागत समेत गरिएको थियो ।

# बागलुङमा जिप दुर्घटना, दुई जनाको मृत्यु, नौ घाइते

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस

बागलुङमा भएको जिप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ। शनिबार बिहान बुर्तिबाङ बजारबाट ढोरपाटन उपत्यका गइरहेको जिप ढोरपाटन नगरपालिका-५ अस्तुमा दुर्घटना भएको हो।

दुर्घटनामा जिप चालक ढोरपाटन नगरपालिका-४ का ३० वर्षीय तिलक घर्तीमगर र चन्द्रागिरि नगरपालिका-११ काठमाडौँकी २८ वर्षीय सङ्गीता अधिकारीको घटनास्थलमै मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङले जनाएको छ। दुर्घटनामा नौ जना घाइते भएका छन्। जिपको ब्रेक फेल भएर दुर्घटना भएको प्रहरीले जनाएको छ। घाइते नौ जनाको उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याइएको छ।

# रेडक्रस बाँगेफड्के उपशाखाको पाँचौँ अधिवेशन

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



नेपाल रेडक्रस सोसाइटी भाटखोला बाँगेफड्के उपशाखा फेदीखोला स्याङजाको १८ औं वार्षिक साधारण सभा एवं पाँचौं अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले रेशमलाल रानाभाटको सभापतित्वमा ११ सदस्यीय कार्यसमिति चयन गरेको छ। जसमा उपसभापति रामकुमारी गुरुङ, सचिव शिवप्रसाद लामिछाने, कोषाध्यक्ष तिलबहादुर क्षेत्री, उप-सचिव मानबहादुर बि.सी., उप-कोषाध्यक्ष ठकबहादुर गुरुङ निर्वाचित भएका छन्।

यसैगरी सदस्यमा खड्गबहादुर रानाभाट, गोविन्दबहादुर रानाभाट, टेकप्रसाद लामीछाने, राजकुमार जि.टी. र देवी रानाभाट रहेका छन्। अधिवेशनको समुद्घाटन गर्दै फेदीखोला गाउँपालिका उपाध्यक्ष देउकुमारी गुरुङले रेडक्रसमा आवद्ध सबै सदस्यलाई धन्यवाद दिँदै पालिकाकातर्फबाट सक्दो सहयोग गर्ने बताइन्।

सभामा जिल्ला शाखा सभापति एवं केन्द्रीय सदस्य दिनेश अर्याल, वडा नं. ३ का वडाध्यक्ष कृष्णबहादुर रानाभाट, प्रगतिशील बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कमल पौडेल, निवर्तमान सभापति मिनबहादुर रानाभाटले शुभकामना मन्तव्य राखेका थिए।

निर्वाचन कार्यक्रममा जिल्ला शाखाका उप-कोषाध्यक्ष अर्जुन पौडेल र सदस्य पुष्पराज बरालले सहजीकरण गरेका थिए। उपशाखा उप-सभापति रामकुमारी गुरुङले स्वागत र सचिव रेशमलाल रानाभाटले सञ्चालन गरेको सभा उपशाखा सभापति ज्ञानबहादुर रानाभाटको सभापतित्वमा सम्पन्न भएको थियो।

# माता ताल बाराही आरती सेवा समितिमा ढाका बहादुर थापा

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



माता तालबाराही सेवा समिति पोखरा– ६ बैदामको अध्यक्षमा ढाका बहादुर थापा चयन भएमा छन।

आरतिको शनिबार सम्मपन्न छैठौ बार्षिक साधारण सभा तथा तेस्रो अधिबेशनले आगामि दुई बर्षे कार्यकालका लागि थापालाई सर्वसम्र्मत अध्यक्षमा चयन गरेको हो। तेसै गरि आरतिको उपाध्यक्षमा जुना अधिकारी, सचिब महेश्वर पहारी, कोषाअध्यक्ष मदन राज न्यौपाने, सदस्यहरुमा ज्ञान बहादुर कार्की, कमला बज्राचार्य,पुष्प पहारी, नानी कोइराला, हिरु पुन, गोकण अधिकारी, दिनदयाल पाण्डे, रामकृष्ण अर्याल र गुरुदत्त कोइराला चयन भएका हुन। पन्ध्र सदस्यीय कार्यसमितिमा दुई सदस्य संचालक समितिले चयन गर्ने प्राबधान रहेको निर्वाचन संयोजक तथा अधिवक्ता भगवति पहारीले जानकारी दिइन।

संस्थाको निर्वाचन सम्पन्न गर्नेका लागि कानुनि सल्लाहकार भगती पहारीको संयोजकत्वमा गणेश पहारी र अनिल थापा रहेको तिन सदस्यीय निर्वाचन मण्डल गठन गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि एवंम प्रतिनिधि सभा सदस्य दामोदर “बैरागी” पौडेलले सुन्दर नगरी “पोखरा” भ्रमणको गनतब्यमात्र नरही धार्मिक पर्यटन प्रवर्द्धनमा सहयोग पुगोस बैदिक सनातन धर्मको प्रचार प्रसार विश्वभरी नै फैलियोस र सकरात्मक उर्जा शीक्त प्राप्त होस, भन्ने भावनाले स्थापना भएको आरतिले पर्यटन क्षेत्रको विकासमा महत्वपूण योगनदान गरेको बताए। पोखरा प्राकृतिक महत्व बोकेको पर्यटकीय स्थलको भएको स्मरण गर्दै, अब पोखरा धार्मिक स्थलको रुपमा पनि पर्यटक्कीय गनतब्य रहेको परिचय पोखराले दिनु पर्नेमा जोड दिए। गण्डकी प्रदेश सासद प्रकाश बरालले “धर्म, पुन्य कर्म गरि सके पछि कुनै कारण पुजा आजामा कतैबाट भुलबस छुट भएमा भएका भुल र छुटलाई मेटाउनका लागि आरति माताको आरति गरि सन्धाकालिन आरति गरेमा मुक्ति मिल्ने जनविश्वास रहेको सुनाए। आरति हिन्दु धर्मको मात्र नभई सन्धाकालिन आरतिमा सवै जातजाति सहित सवै धर्मालम्बीहरु उतिकै रमाउने हुनाले, यसलाई निरन्तरता दिई राख्नु सवैको कतर्ब्य भएको बताए। गण्डकी प्रदेशका निर्वतमन सासद राजिब पहारीले पोखराका फेवातालको किनारमा श्री ताल बाराहि देवि माताको सम्मुख रहेर गरिएको सन्धाकालिन आरितिले पोखरामा पर्यटकको बसाई लम्बाउन महत्वपूर्ण भुमिका खेलेको बताए। पोखराका धार्मिक स्थलमा पनी सन्धाकालिन आरिति गर्ने सके पोखरालाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने सकिने कुरामा जोड दिए। अध्यक्ष मंगल बहादुर नेपालीले ‘पशुपति नाथ मन्दिरमा गरिने सन्धाकालिन आरिति पछिको महाआरति पोखराको फेवाताल किनारमा गरिने आरति दोस्रो ठुलो आरति’ रहेको दावि गर्दै, पोखरामा पर्यटक्कीय बसाई लम्वाउन महत्वपूर्ण योगदान गरेको सुनाए। आरतिलाई भब्य र ब्यवस्थित गर्ने सकेमात्र अभै आरतिको महत्व बढने भनाइ उनको थियो। नवनिर्वाचित अध्यक्ष थापाले पोखरामा पर्यटकको बसाई लम्वाउन सन्धाकालिन आरतिले खेलेको भुमिकाको स्मरणं गर्दै, आरति सेवा समिति सदैब अग्रजहरुको रायसुझाब सहित पर्यटककीय संस्थाहरु सग हातेमालो गर्दै अगाडि बढने प्रतिबद्दता ब्यक्त गरे।

अध्यक्ष मंगल बहादुर नेपालीको सभाअध्यक्षतामा सम्मपन्न कार्यक्रममा उपाध्यक्ष ढाका बहादुर थापा सचिब तुलसी दाहाल, पोखरा महानगरपालिका वडा न ६ वडा सदस्य बासु बराल, तालबाराही मन्दिर ब्यपस्थापन समितिका अध्यक्ष प्रशुराम पहारी, फेवा ढुङा ब्यवसायी उपाध्यक्ष तुलबहादुर गुरुङ,नौलो धुम्ति नेपालका अध्यक्ष बद्रीबिनोद प्रतिक, निवर्तमान अध्यक्ष गिरिराज अधिकारी, कास्की रेडक्रसका उपाध्यक्ष उर्मिला कार्की, कानुनी सल्लाहकार शुष्मा पौडेल ससचिब भेषराज अधिकारी, कोषाअध्यक्ष मदनराज न्यौपाने, अन्नपूर्ण आमा समुह पोखरा ६ बैदामकी अध्यक्ष रेणु लामिछाने, महिला पर्यटन मञ्चकी अध्यक्ष उमा भन्डारी र आरति गुरु रामकृष्ण अर्याल, लगाएतका बक्ताहरुले बिषम परिस्थीतिमा पनी आरतिलाई निरन्तरता दिनु गर्भको विषय बताउदै, छोटो अवधिमा नै संस्थाले गरेको योगदानको प्रशंसा गरेका थिए।

# गोरखा दरबारको गर्भगृहमा पृथ्वीनारायणको राजगद्दी पुनःस्थापना

पोखरापत्र संवाददाता
गोरखा, २८ पुस

भूकम्पले क्षति पुऱ्याएको ऐतिहासिक गोरखा दरबारको पुनःनिर्माण सम्पन्न भएसँगै तत्कालीन राजा पृथ्वीनारायण शाहको राजगद्दी मूल दरबारको गर्भगृहमा पुनःस्थापना गरिएको छ।

भूकम्पका कारण भग्नावशेष अवस्थामा रहेको राजगद्दी मर्मतसम्हार गरी शुक्रबारदेखि पुरानै ठाउँमा राखिएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख बिष्णुप्रसाद पाठकले जानकारी दिनुभयो। “भूकम्पले दरबारमा क्षति पुगेपछि दरबारमा रहेको ऐतिहासिक राजगद्दी पनि दरबार परिसरमा भग्नावशेष अवस्थामा थियो”, प्रमुख पाठकले भन्नुभयो, “त्यसलाई पुरातात्विक तथा ऐतिहासिक महत्व नमेटिने गरी साविकै स्वरुप र शैलीमा साविककै ठाउँमा राखिएको छ।” भूकम्पपछि दरबार पुनःनिर्माणका क्रममा राजगद्दी पनि भग्नावशेष अवस्थामा रहेको थियो।

विसं २०७२ वैशाख १२ गते गएको विनाशकारी गोरखा भूकम्पबाट राजगद्दी र पृथ्वीनारायण शाहको बाल्यकालमा सेक ताप गरिएको भनिएको अँगेनाको ध्वनि पनि भूकम्पपछि बन्द भएको थियो।

पृथ्वीनारायण शाहको जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर राजगद्दी साविककै स्थानमा राखिएको हो। गर्भगृहमा राजगद्दी राखिएसँगै अबदेखि गोरखा दरबार पुग्ने नागरिकले मूलदरबारमा राखिएको ऐतिहासिक गद्दी हेर्न पाउनेछन्। “विगतमा जस्तै अबदेखि गर्भगृहमा राखिएको राजगद्दी दरबार बाहिरको झ्यालबाट अवलोकन गर्न सकिने व्यवस्था गरिएको छ”, प्रमुख पाठकले भन्नुभयो, “दरबारमा विगतमा बलिरहेको ध्वनिलाई निरन्तर गर्ने गरी कामको थालनीसमेत भएको छ।” भूकम्पले क्षति पुऱ्याएको मूलदरबार, कालिका मन्दिर, रङ्गमहल, गोरखनाथगुफालगायतका अधिकांश संरचना पुनःनिर्माण र मर्मत गर्ने कार्य लगभग सकिएपछि राजगद्दी पनि देखाउने उपयुक्त हुने भएकाले आवश्यक मर्मत गरी पुरानै ठाउँमा राखिएको उहाँले जानकारी दिनुभयो।

# मिलनसार सहकारीको १२ औं वार्षिक साधारणसभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस



मिलनसार सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारणसभा एक कार्यक्रमका बीच शनिबार सम्पन्न भएको छ।

साधारणसभाको पोखरा महानगरपालिका वडा नं ३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारीले उद्घाटन गर्नुभयो। कार्यक्रममा वडा अध्यक्ष अधिकारीले सामाजिक जागरणका क्षेत्रमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको बताउनुभयो। सहकारीहरू उत्पादनसँग जोडिनुपर्ने बताउँदै उहाँले त्यसबाट स्वरोजगार सिर्जना गर्न सकिने बताउनुभयो। सहकारीका अध्यक्ष मनमाया मगरले सहकारीले सदस्यहरूको आर्थिक विकासका लागि सहकारीको मूल्य मान्यतामा आधारित रही उद्यमशीलतामा जोड दिएको बताउनुभयो। सदस्यहरूलाई बचत र लगानीमा सहयोग पुऱ्याउँदै यस क्षेत्रको कृषि पशुपालन तथा आयमुलक एवम् उत्पादनमुलक काममा सहयोग पुऱ्याउने उद्देश्य राखिएको उहाँले बताउनुभयो।

कार्यक्रममा समाचार सम्प्रेषणका माध्यमबाट विशिष्ट योगदान पुऱ्याएको भन्दै राष्ट्रिय समाचार गण्डकी प्रदेशका प्रमुख वासुदेव पौडेललाई सम्मान गरिएको थियो। उक्त अवसरमा सहकारी सञ्चालनको विभिन्न विधामा सहयोग पुऱ्याउने व्यक्तिलाई पनि सम्मान गरिएको थियो। सहकारीले ज्येष्ठ शेयर सदस्यका रुपमा चन्द्रमाया कामी, चुलमाया गुरुङ र केशरी माया पौडेललाई सम्मान गरिएको थियो। त्यस्तै असल ऋणितर्फ श्रीमाया फेवाली, प्रेरणा पुन, देवीमाया नेपाली, लक्ष्मीदेवी आचार्य, विष्णुमाया खत्री, निर्मला लामिछाने र फुलमाया भुजेल सम्मानित बन्नुभएको छ। त्यस्तै उत्कृष्ट अनुशासित समूहमा जयकाली आयआर्जन समूह, उत्कृष्ट बालबचत कर्तातर्फ कृञ्जल गुरुङ र अमन श्रेष्ठ, उत्कृष्ट बचततर्फ सगरमाथा महिला समूह र खरिमा पुन, बेसार बजार व्यवस्थापनमा विष्णुमाया अधिकारी र शान्तिदेवी अधिकारी, बेसार कुटानी पिसानीतर्फ मनमाया मगरलाई सम्मान गरिएको थियो। सहकारीका अध्यक्ष मनमाया मगरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव विन्दु चापागाईंले गर्नुभएको थियो भने स्वागत उपाध्यक्ष सरस्वती अधिकारीले गर्नुभएको थियो। कार्यक्रममा भरतपोखरी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद अधिकारी, भरतपोखरी साना कृषि सहकारी संस्थाका अध्यक्ष रामजीप्रसाद अधिकारी, वडा सदस्य विनोदवावु भण्डारी, चित्रबहादुर गुरुङ, तुलसीमणि अधिकारी, देवीमाया आचार्य, शिवराज अधिकारी, सहकारीका व्यवस्थापक कर्णकुमारी महत लगायतले बोल्नुभएको थियो।

# लायन्स सेन्ट्रल गार्डनको लागूपदार्थ दुर्व्यसनविरुद्धको सचेतना

पोखरापत्र संवाददाता
पोखरा, २८ पुस




लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले सामुदायिक विद्यालयतर्फ माध्यमिक तहका विद्यार्थी लक्षित लागूपदार्थ दुर्व्यसनविरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

माछापुच्छ्रे गाउँपालिकामा अवस्थित गौरीशंकर मनिलाल माध्यमिक विद्यालयमा आयोजना गरिएको सचेतनामा ९० जना विद्यार्थी भाइबहिनीको सहभागी रहेको थियो। कार्यक्रमका सभापति पूर्व अध्यक्ष असफल गौतमले विद्यालय पुस्तकालयका लागि क्लबकातर्फबाट ८ हजार बराबरको पुस्तक हस्तान्तरण गर्दै कार्यक्रमको उद्घाटन गरेका थिए। उनले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यालय पुस्तक किन्न पनि नस्कने अवस्थामा ज्ञानमुलक पुस्तकका लागि आर्थिक जोहो अर्को समस्या हुने भएकाले क्लबको वार्षिक कार्यक्रम अन्तर्गत सचेतना कार्यक्रम आयोजना हुने हरेक विद्यालयमा यसरी पुस्तक हस्तान्तरण गर्दै आएका बताए।

क्लबको कार्यक्रमको प्रशंसा गर्दै विद्यालयका प्रधानाध्यापक रक्षबहादुर क्षत्रीले यस्ता कार्यक्रमले बढ्दो उमेरका भाइबहिनीलाई सही-गलत बाटो छुट्याउन अगाडि बढ्न महत्वपूर्ण योगदान दिने बताए। कार्यक्रमका प्रमुख सहजकर्ता ओम गुरुङले विशेष गरेर किशोर अवस्थामा लागूपदार्थ दुर्व्यसनका घटना धेरै भएकाले त्यसतर्फ व्यक्ति, परिवार र समुदाय सचेत हुन आवश्यक रहेको धारणा राखे। नौलो घुम्ती नेपालका एकीकृत सामुदायिक विकास परियोजन अधिकृत महेश विश्वकर्मा सामुदायिक विद्यालय लक्षित गरी क्लबले आयोजना गरेका यस्ता कार्यक्रम धेरै भन्दा धैरै हुन आवश्यक रहेको बताए।

कार्यक्रम संयोजक वर्ष २३/२४ का अध्यक्ष तुल रानाभाटले कार्यक्रम सफल पार्न प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सम्पूर्णप्रति आभार व्यक्त गरे।

# शारीरिक अशक्तताका बाबजुद स्वर्णपदक जित्न सफल केशव

पोखरापत्र संवाददाता
म्याग्दी, २८ पुस

धवलागिरि गाउँपालिका-७ धारापानीका ३२ वर्षीय केशव थापाको खेलाडी बनेर प्रतिभा देखाउने र देशलाई चिनाउने सानैदेखिको सपना थियो। विसं २०६७ पुस २७ गते घाँस काट्ने क्रममा रुखबाट लडेपछि स्नातक तहको पहिलो वर्ष अध्ययन गर्दै गरेका थापाको कम्मरभन्दा तलको भाग नचल्ने भयो।

अठार महिना अस्पताल र पुनःस्थापना केन्द्रमा उपचार गरेपछि मेरुदण्ड पक्षघात (स्पाइनल इन्जुरी) भएका थापा ह्विलचियरमा हिँडडुल गर्नुहुन्छ। पढाइ र खेलमा अब्बल थापाले शारीरिक प्रतिकूलताका बाबजुद लक्ष्य हासिल र सपना पूरा गर्न हिम्मत हार्नुभएन। उहाँले ह्विलचियरकै साहराले शारीरिक अपाङ्गता भएकाबीच हुने पारा टेबल टेनिसको एक अन्तर्राष्ट्रिय र छ राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक जित्नुभएको छ। उहाँले समाजशास्त्रमा स्नातकोत्तर गर्नुभएको छ। “बास्केटबलमा मेरो रुचि र अनुभव थियो”, उहाँले भन्नुभयो, “शारीरिक अवस्था प्रतिकूल भएपछि नेपाल अपाङ्ग सङ्घले सञ्चालन गरेको खगेन्द्र नवजीवन गृहमा बसेर पढाइलाई निरन्तरतासँगै ह्विलचियरमै बसेर टेबल टेनिस र बास्केटबल खेल्न सिके, प्रतियोगितामा भाग लिएर सफल पनि भए”, उहाँले भन्नुभयो। आत्मविश्वास, निरन्तरको अभ्यास र मेहनतका कारण खेलकुद र पढाइलाई सँगसँगै अघि बढाउन सफल भएको थापाको अनुभव छ। पुनःस्थापना केन्द्रमा बस्दा समय व्यवस्थापनका लागि आफू जस्तै अन्य साथीले खेलेको देखेर थापाले ह्विलचियरमा बसेर टेबल टेनिस खेल्न सिक्नुभएको थियो। सन् २०१४ मा बङ्गलादेशमा भएको पारा टेबल टेनिस प्रतियोगितामा थापाले स्वर्णपदक दिलाउनुभएको थियो। नेपालको प्रतिनिधित्व गरेर उहाँले सन् २०१८, २०१९ र २०२२ मा भएको पारा एसियन टेबल टेनिस च्याम्पीयनसिप प्रतियोगितामा भाग लिनुभएको थियो। पोल्याण्ड, जापान र थाइल्याडमा भएको छनोट खेलमा सहभागी हुनुभएका थापाले भूटानमा पारा टेबल टेनिसको अन्तर्राष्ट्रिय ‘कोच’सम्बन्धी पहिलो तहको तालिम लिनुभएको छ। राष्ट्रियस्तरको प्रतियोगितामा छ स्वर्णपदक जितेका थापाले अपाङ्गता मात्र नभई सवालङ्गलाई पनि टेबलटेनिस खेलसम्बन्धी प्रशिक्षण दिनुहुन्छ। यसै वर्ष पेरिसमा हुने पारा ओलम्पिकको छनोट खेलको तयारीमा रहेका थापा मे महिनामा पाराओलम्पिक वर्ल्ड क्वालिफिकेसन च्याम्पीयनसिपमा भाग लिन थाइल्याड जाने तयारीमा हुनुहुन्छ। थापालाई युवा तथा खेलकुद मन्त्रालयले विसं २०७८ मा रु एक लाख राशिको खेल प्रतिभा पुरस्कार प्रदान गरेको थियो। नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घले विसं २०७६ मा ‘एनएनआइपीए अवार्ड’ बाट सम्मान गरेको थियो। धवलागिरि गाउँपालिकाले यही पुस २६ गते २१औं गाउँसभाका अवसरमा रु १० हजार पाँच सयसहित थापालाई पुरस्कृत गरेको थियो।

थापा स्पाइनल इन्जुरी नेटवर्कले काठमाडौँमा सञ्चालन गरेको विद्यालयमा स्पाइनल इन्जुरी भएका बालबालिकाले पढ्ने विद्यालयमा शिक्षण गर्नुहुन्छ। सो विद्यालयमा हाल १५ बालबालिका छन्। अनलाइनमा आधारित अपाङ्गता सहायता सामग्रीको व्यवसायलाई थापाले जीविकोपार्जनको माध्यम बनाउनुभएको छ। सरकारले मेरुदण्ड पक्षघात भएकाका लागि उपलब्ध गराउने मासिक रु पाँच हजार औषधि उपचार खर्च थापाले पाउनुहुन्छ। “धेरै वर्षको प्रयासपछि दुई वर्षदेखि स्पाइनल इन्जुरी भएकाका लागि सरकारले औषधि उपचार खर्चको व्यवस्था मिलाएको छ”, उहाँले भन्नुभयो, “सार्वजनिक संरचना र शौचालय अपाङ्गतमैत्री बनाउन, मेरुदण्ड पक्षघात भएकाको शिक्षामा पहुँच बढाउन पैरवी गरिरहेका छौँ।”